# स्थानीय राजपत्र

## मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

खण्ड ९ संख्या ३ वैशाख १५ गते २०८३ साल


भाग-२

मिर्चैया नगरपालिका

रामनगर मिर्चैया, सिरहा

सूचना नं.-३

## मिर्चैया नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८३

प्रस्तावनाः

प्राकृतिक तथा गैर प्राकृतिक विपत जन्य घटनाबाट उत्पन्न परिस्थितीको कारण मिर्चैया नगरपालिकाका नागरिकहरुको जीउ ज्यान तथा जायजेथामा हुन सक्ने अकल्पनीय क्षतिवाट पीडितहरुलाई मानवोचित व्यवहार तथा संविधान प्रदत मौलिक हकको प्रत्याभूत गरी राहत एवं क्षतिपूर्तिको व्यवस्था गर्न, प्रचलित कानून तथा स्थानिय तहलाई प्रदत्त अधिकार सूचीमा निहित अधिकारहरुको व्यवहारिक अभ्यास गर्न, विपन्न, असहाय,अनाथ बालवालिका, अपांगता भएका र घावक रोग पीडितलाई आर्थिक सहायता प्रदान गर्न तथा सो कार्यलाई मितव्ययी, पारदर्शी, नियमित र न्यायोचित बनाउन, अधिकार प्राप्त निकाय तथा व्यक्तिबाट निर्णय भई आएको अनुदान वितरणलाई सुव्यवस्थित गर्न, नागरिकलाई प्रदान गरिने सेवा सुविधालाई विधि सम्मत तुल्याउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ तथा प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०८० को दफा ४ दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट मिर्चैया नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम मिर्चैया नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८३ हुनेछ ।

(ख) यो कार्यविधि मिर्चैया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछी लागू हुनेछ ।

(ग) यो कार्यविधि मिर्चैया नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२. परिभाषाः

क) "नगरपालिका "भन्नाले संविधान र ऐन बमोजिम स्थापना भएको मिर्चैया नगरपालिका सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

ख) "कार्यपालिका भन्नाले मिचैंया नगरकार्यापालिका सम्झनु पर्दछ ।

ग) "कोष" भन्नाले नगरपालिकाको आर्थिक सहायता राहत कोषलाई सम्झनु पर्दछ ।

घ) "आर्थिक सहायता" भन्नाले नगरपालिकामा स्थायी बसोबास भएको विपन्न असहाय,अनाथ बालबालिका,पूर्ण र अति असक्त र अपाङ्गता भएका,घातक रोग लागेको नेपालि नागरिकहरु र,निजमा आश्रित परिवारका सदस्यहरुलाई प्रदान गरिने आर्थिक सहायता (नगद तथा जिन्सी) लाई सम्झनु पर्दछ ।

ङ) राहत भन्नाले प्राकृतिक र गैर प्राकृतिक विपदवाट पिडितहरुलाई दिईने सहायता रकमलाई सम्झनु पर्छ ।

च) "ऐन" भन्नाले मिचैंया नगरपालिकाको विनियोजन ऐनलाई सम्झनु पर्दछ ।

छ) "समिति" भन्नाले आर्थिक सहायता राहत कोषको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

ज) पदाधिकारी" भन्नाले नगर पालिकाका निर्वाचित नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, महिलासदस्य, दलित महिलासदस्य र वडा सदस्य एवं नगर कार्य पालिका सदस्य समेतलाई सम्झनु पर्दछ ।

झ) "कर्मचारी" भन्नाले नगरपालिका अन्तरगतका नगर कार्यपालिकाको कार्यालय,शाखा,उपशाखा तथा विभिन्न कार्यालयहरु, सेवा केन्द्र, वडा कार्यालयहरुमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारी समेतलाई सम्झनुपर्दछ ।

ञ) "नागरिक" भन्नाले मिचैंया नगरपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिक सम्झनु पर्दछ । यस कार्यविधिको प्रयोजनका लागि सो शब्दले निज नागरिकका आश्रित परिवारका सदस्यहरु एवं नगर पालिकाको क्षेत्रभित्र फेला परेका स्थायी ठेगाना पत्ता नलागेका व्यक्तिहरुलाई समेत जनाउँछ ।

ट) विपद भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतीको साथै जिवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद सम्झनु पर्छ ।

ठ) प्राकृतिक विपद भन्नाले हिमपात, असिना , हिमपहिरो, हिमताल, विस्फोटन, अनावृष्टि, बाढी, पहिरो, तथा भु-स्खलन, डुवान, खडेरी,आधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वलामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्रवृतिक विपद्वाट उत्पन्न जुनसुकै विपद सम्झनु पर्छ ।

ड) "गैरप्राकृतिक विपद्हरु" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जिवाणु आतंक, पशु तथा चरा चुरुङगीमा हुने रोग फ्लू, सर्पदंश, हवाई, सडक, जल, औद्योगिक दुर्घटना, डढेलो, आगलागी, विषाक्त ग्याँस, रसायन ग्याँस वा विकिरण चुहावट, ग्याँस विस्फोटन, विषाक्त खाद्य सेवन, भौतिक संरचनाका क्षति, वातावरण प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्वाट उत्पन्न विपद सम्झनु पर्छ ।

**३. कोषको स्थापना र उद्देश्यः** यस नगरपालिकामा एक आर्थिक सहायता राहत कोष रहने छ । नगरपालिकामा स्थायी भएका र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट पिडितहरु तथा विपन्न,असाहय,अनाथबालबालिका,असक्त अपाङ्गता भएका घातक रोगलागेकाहरु लाई राहत तथा आर्थिक सहायता उपलब्ध गराई समाजिक न्याय र समाजिक सुरक्षाको प्रत्याभुति गराउनु रहेकोछ।

**४. कोषमा जम्मा हुने रकमः**

क. नगर पालिकाद्वारा ऐन बमोजिम विनियोजित रकम,



Scanned with CamScanner

ख. आर्थिक सहायताका लागि नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ संस्था एवं दातृ निकायबाट प्राप्त हुने रकम,

ग. नगरकार्यपालिकाकाको निर्णय वमोजिम साविकका सरकारी तथा गैर सरकारी क्षेत्रका यस्तै प्रकृतिका कोषबाट राहत कोषमा हस्तान्तरण गरिएको रकम,

घ. अन्य कुनै श्रोतवाट प्राप्त हुने रकम ।

**५. आर्थिक सहायता राहत कोष सञ्चालक समितिः** यस कोषको सञ्चालक समिति मिर्चैया नगरकार्यपालिका हुनेछ ।

**६. कोषको सञ्चालनः**

क. कोषमा प्राप्त हुने रकम मिर्चैया नगरपालिका आर्थिक सहायता राहत कोष को नाममा स्थानीय बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

ख. बैंक खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

**७. कोषको उपयोगः** यस कोषमा जम्मा भएको रकम निम्नानुसारका क्षेत्रमा खर्च गर्न सकिने छ

क.विपदवाट पिडितहरुले पाउने राहतको लागी दिने निवेदन र कागजात अनुसूची-१ बमोजिम र आर्थिक सहायताको लागी दिने निबेदन र कागजातहरु अनुसूची-२ बमोजिम प्राप्त भएमा नगर कार्यापालिकावाट पछि अनुमोदन हुनेगरी नगर प्रमुखवाट अवस्था हेरी रु.२५ हजारसम्म तत्काल राहत रकम उपलव्ध गराउन सक्ने र समितिको निर्णय वमोजिम रु.२,००,०००/– सम्म अधिकतम रकम उपलब्ध गराउन सकिने छ।

ख. मिर्चैया नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक र सवारी दुघर्टना भई तत्काल उद्दार गर्नु पर्ने भएमा घाइते तथा बिरामीहरुलाई उपचार स्थलसम्म पु-याउन वा ल्याउन एम्बुलेन्स वा गाडीका लागि नगर प्रमुखले समितिवाट पछि अनुमोदन हुने गरी तत्काले कोषबाट अधिकतम रु. १५,००० (पन्द्र हजार) सम्म राहत उपलब्ध गराउन सक्नेछ ।

**८. नजिकको हकदारः** आर्थिक सहायता र राहत प्राप्त गर्ने व्यक्ति अनि असक्त भै स्वमं उपस्थित हुन सक्ने अवस्था वा मृतकको हकमा अनुसुचि ३ वमोजिमको निवेदन र कागजात आवश्यक पर्ने छ ।नजिकका हकदारलाई आर्थिक सहायता उपलव्ध गराउदा निम्न वमोजिम प्राथमिकताको क्रम अनुसार उपलब्ध गराउने छ ।

क) सगोलको पति वा पत्नि,

ख) सगोलको छोरा, छोरी,विधवा बुहारी

ग) सगोलका बाबु,आमा,सौतेनी आमा,छोरा छोरी तर्फका नाति,नातिनी,नातिनी बुहारी

घ) भिन्न भएका पति,पत्नी,छोरा,छोरी,बाबु,आमा, सौतेनी आमा,

ङ) भिन्न भएका छोरातर्फका नाति, नातिनि ।

**९. आर्थिक सहायता राहत कोषको परिचालनः**

क. आर्थिक सहायता एन राहत उपलब्ध गराउन नगरपालिकाले आर्थिक सहायता राहत कोष स्थापना एवं सञ्चालन गर्न आवश्यक मात्रामा रकम विनियोजन गर्नु पर्ने छ ।

ख. कुनै व्यक्तिलाई आर्थिक सहायता वा राहत प्रदान गर्दा सञ्चालक समितिको निर्णय बेगर गर्न पाइने छैन तर रु.२५०००/– सम्म रकमको हकमा समितिवाट पछि अनुमोदन हुनेगरी नगर प्रमुखको सिफारिसले दिन सक्ने छ ।

ग. आर्थिक सहायता /राहत प्राप्त गर्नका लागी आवश्यक पुष्टयाई कागजात पेश गर्न पर्नेछ ।

घ. कोषमा मौज्दात रकमको अवस्था हेरेर मात्र आर्थिक सहायता/राहतको निणर्य गर्नु पर्नेछ ।

ङ. कोषमा १० प्रतिशत भन्दा कम रकम मौज्दात रहने गरी आर्थिक सहायता राहत प्रदान गर्न पाइने छैन।

च. कोषबाट गरिने आर्थिक सहायताको निर्णय सामान्य तथा समितिको बहुमतबाट हुनेछ ।

छ. एक आर्थिक वर्षमा एक व्यक्तिलाई आर्थिक सहायता एकपटक मात्र प्रदान गर्न सकिने छ। राहतको हकमा अवस्था हेरी समितिवाट निर्णय हुनेछ ।

**१०. आर्थिक सहायताको प्राप्त गर्ने व्यक्तिः देहाय बमोजिमको व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गरन ससकिने छ।**

क) अशक्त विरामी ,

ख) क बर्गका अपाङ्गता भएका व्यक्तिहरु दिर्घ रोग लागी उपचार गर्न अन्यन्त्र लानु पर्ने भएमा ,

ग) जेष्ठ नागरिक, दिर्घ रोग लागी उपचार गर्न अन्यन्त्र लानु पर्ने भएमा,

घ) राजनितिक आन्दोलनका क्रममा शहिद घाइते तथा वेपत्ता भएका व्यक्तिका परीवारका सदस्यहरु दिर्घ रोग लागी उपचार गर्न अन्यन्त्र लानु पर्ने भएमा,

ङ) विविध कारणवस विस्थापनमा परेका घर बार विहिनहरु र

च) असहाय, अनाथ वालवालिका तथा व्यक्तिहरु, दिर्घ रोगका लागी उपचार गर्न अन्यन्त्र लानु पर्ने भएमा ।

छ) गरिव विपन्न भनि सम्बन्धित वडाको सिफारिस प्राप्त गरेको व्यक्ति,

**११. कोषको लेखा तथा लेखा परीक्षणः**

क. यस कोषको लेखापालन संघीय कानुन, प्रदेश कानुन र मिर्चैया नगरपालिकाको स्वीकृत मापदण्ड तथा प्रकृया बमोजिम राख्नु पर्ने छ ।

ख. कोषको लेखा राख्ने र लेखा परीक्षण गराउने जिम्मेवारी खाता सञ्चालक पदाधिकारीको हुनेछ ।

ग. नगरपालिकाको आन्तरिक लेखापरीक्षकले कोषको आन्तरिक लेखापरीक्षण गर्ने छ ।

घ . कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गरिने छ ।

**१२. कार्यविधि मा संशोधनः** यस कार्यविधिमा प्रचलित काननूको प्रतिकुल नहुने गरी नगर कार्यपालिकाले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

**१३. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि अनुसार कोषको सञ्चालनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहने छ ।

**१४. खारेजी र वचाउः** मिर्चैया नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि ,२०८० खारेज गरिएको छ । आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८० बमोजिम भए गरेका कामहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

अनुसूची-१

(कार्यविधिको दफा ७ बमोजिम)

मिचैंया नगरपालिका, रामनगर मिचैंया, सिरहा

आर्थिक सहायता माग गर्ने निवेदन

श्री नगर प्रमुख ज्यू,
मिर्चया नगरपालिका, सिरहा ।

विषयः राहत पाउँ बारे ।

महोदय,

मिचैंया नगरपालिका वडा नं. ............निवासी म..............................हो ।मिति....................मा भएको/गएको .............................वाट मेरो भएको जायजेनाथ र घर समेत नष्ट भई म र मेरो परिवार विस्थापित भएको हुँदा तत्कालका लागि खानपिन र वासस्थान व्यवस्थापनका लागि तहाँ नगरपालिकावाट आवश्यक राहत उपलब्ध गराई दिनुहुन भनी यो निवेदन पेश गरेको छु। साथमा मैले पेश गर्नु पर्ने सम्पुर्ण कागजात संलग्न भएको व्यहोरा राखी निवेदन पेश गर्दछु । मेरा प्रमाण झुटा ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार छु ।

संलग्न कागजातहरु

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
२. नाबालकको हकमा जन्मदताको प्रतिलिपी,
३.सम्वन्धित कार्यालयको सिफारीस-पत्र,
४.प्रहरि मुचुल्का,
५.अन्य अवश्यक प्रमाण,

प्रमुख प्रशासकीय अधिकृत

निवेदक

..................



Scanned with CamScanner

अनुसूची-२

(कार्यविधिको दफा ७ बमोजिम )

मिर्चैया नगरपालिका, रामनगर मिर्चैया, सिरहा

आर्थिक सहायता माग गर्ने निवेदन

श्री नगर प्रमुख ज्यू,
मिर्चैया नगरपालिका, सिरहा ।

विषयः आर्थिक सहायता पाउँ भन्ने बारे ।

महोदय,

मिर्चैया नगरपालिका वडा नं.............. को स्थायी निवासी ..........................हो र म अति विपन्न /असाहय/अनाथ बालबालिका/ पुर्ण अति असक्त/घातक रोगलागेको व्यक्ति भएको हुँदा मलाई तहाँ नगरपालिकाबाट आवश्यक आर्थिक सहायता उपलब्ध गराई सहयोग गरिदिनुहुन भनी यो निवेदन पेश गरेको छु। साथमा मैले पेश गर्नु पर्ने सम्पुर्ण कागजात संलग्न भएको ब्यहोरा राखी निबेदन पेश गर्दछु ।मेरो प्रमाण झुटा ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार छु ।

संलग्न कागजातहरु

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

२. नाबालकको हकमा जन्मर्दताको प्रतिलिपी,

३. वडा कार्यालयले गरीब असाहय तथा बिपन्न नागरीक भएको सिफारीस-पत्र,

४. सम्बन्धित अस्पतालको रोग खुलेको प्रमाण-पत्र,

५.वसाई सरि आएको भए बसाई सराईको दर्ता प्रमाण पत्र ।

६.अन्य आवश्यक प्रमाण ।

निवेदक

..................

अनुसूची-३

(कार्यविधिको दफा ८ बमोजिम)

मिर्चैया नगरपालिका, रामनगर मिर्चैया, सिरहा

नजिकको हकदारले आर्थिक सहायतको लागि दिने निवेदन

मिति...........

श्री नगर प्रमुख ज्यू,
मिचैया नगरपालिका, सिरहा ।

विषयः राहत वा आर्थिक सहायता उपलब्ध गराइ पाउँ ।

जिल्ला सिरहा, मिर्चैया नगरपालिका वडा नं......... मा वस्ने ............ को नाति/छोरा/वुहारी ...................को छोरा पत्नी ..................................को ........................भएकोले निज आफै उपस्थित हुन सक्ने अवस्था नरहेकोले म निजको नाता पर्ने ............................ भएकोले देहाय वमोजिमको कागजातहरु संलग्न गरी नगरपालिकाद्वरा निजलाई उपलब्ध गराउने राहत आर्थिक सहायता उपलब्ध गराइदिन यो निवेदन गर्दछु ।

संलग्न कागजातहरु

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि
३. नाता प्रमाण पत्र र संरक्षक भएको प्रमाण
४. मृतकको हकमा मृत्यू दर्ताको प्रमाण पत्रको प्रतिलिपि
५. प्रहरी मुचुल्का
६. वडा कार्यालयको सिफारिस
७. आवश्यक अन्य कागजातहरु

निवेदक
नाम
ठेगाना
दस्तखत

आज्ञाले,
केशव प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner